# टिप्पणी

२००९ । ११ को गणनामा १-१ वर्षको अन्तरमा पनि उमेरको बर्गीकरण गर्न नसक्नाको कारणले जनसंख्या संबन्धी शोध कार्य गर्नेहरुलाई पर्न आउने बाधार अरु पनि धेरै कुराहरुलाई ध्यानमा राखी अहिलेको गणना (२०१८) मा प्रप्त हुन आएका जम्मा व्यक्तिगत लगतहरुबाट १ प्रतिशत लगत छुटयाई १-१ वर्षको अन्तरमा पनि उमेरको बर्गिकरण गर्ने थप प्रयास गरिएको छ । १-१ वर्षको अन्तरमा गरिने उमेरको बर्गिकरण चाहिं अन्य देशहरुमा पनि १ वा २ प्रतिशत छनौटको आधारमा नै गरेको देखिन्छ । त्यसकारण, यसरि १ प्रतिशत छनौटको आधारमा गरिएको उमेरको बर्गिकरणले देखाएको जम्मा जनसंख्या र ५-५ वर्षको अन्तरमा गरिएको उमेरको बर्गिकरणले देखाएको जनसंख्याको अड०कमा केही भिन्नता आउनु स्वभाविकै हो । उपरोक्त दुई किसीमको गणनाबाट पर्न आएको भिन्नता तलको तालिकामा दर्शाइएको छ ।

**तालिका सं.३ :- विभिन्न उमेरको तहमा पर्न आउने जनसंख्या-लिङ्ग र गणनाको किसिम अनुसार । नेपाल २०१८ साल ।**

| लिङ्ग र गणनाको किसिम | नर | | नारी | |
|---|---|---|---|---|
| उमेर | सम्पूर्ण गणनाबाट | १ प्रतिशत छनौटबाट | सम्पूर्ण गणनाबाट | १ प्रतिशत छनौटबाट |
| सबै उमेरको जम्मा | ४,६३६,०३३ | ४,६३८,७०० | ४,७७६,९६३ | ४,७७७,२०० |
| ० बर्ष | १३०,१६१ | ११८,४०० | १२८,०१९ | १२६,१०० |
| १ बर्ष | ११५,९३९ | ११५,८०० | ११६,८०५ | ११५,६०० |
| २ बर्ष | १३६,१४५ | १३२,२०० | १४१,६२७ | १३८,८०० |
| ३ बर्ष | १४४,५१३ | १४१,७०० | १५४,१०८ | १५०,९०० |
| ४ बर्ष | १३३,५८४ | १२८,५०० | १३६,८०७ | १३४,१०० |
| ५-९ बर्ष | ६८७,३२९ | ६९१,८०० | ६६७,९०२ | ६८१,६०० |
| १०-१४ बर्ष | ५६३,६०५ | ५७०,००० | ४९६,५२१ | ४९६,८०० |
| १५-१९ बर्ष | ४०७,८०९ | ३९४,८०० | ४००,०३५ | ४०५,४०० |
| २०-२४ बर्ष | ३६५,६१५ | ३६८,५०० | ४२२,९६७ | ४२७,००० |
| २५-२९ बर्ष | ३८६,१९६ | ३८६,४०० | ४२७,०१९ | ४१३,६०० |
| ३०-३४ बर्ष | ३३५,७३३ | ३५१,७०० | ३७०,९०४ | ३७७,५०० |
| ३५-३९ बर्ष | २९७,७५५ | २९८,८०० | २८६,५४९ | २७५,४०० |
| ४०-४४ बर्ष | २२१,५५१ | २२३,७०० | २४९,१५७ | २६०,४०० |
| ४५-४९ बर्ष | १९३,६७३ | २०२,१०० | १९०,९४६ | १९२,५०० |
| ५०-५४ बर्ष | १७०,४७९ | १६८,४०० | १८५,५२६ | १८४,६०० |
| ५५-५९ बर्ष | ११३,१५१ | १०९,७०० | ११३,३७८ | १०७,२०० |
| ६०-६४ बर्ष | १०२,९४५ | १००,५०० | १२८,३२० | १२६,७०० |
| ६५-६९ बर्ष | ५१,३२७ | ५३,७०० | ५५,५२७ | ५२,५०० |
| ७०+ बर्ष | ६८,१५० | ७३,२०० | ८३,०७७ | ९२,२०० |
| उमेर नखुलेको | १०,३७३ | ८,८०० | २१,७६९ | १८,३०० |

उपरोक्त तालिका संख्या १ बाट यो स्पष्ट हुन आउँछ कि सबै उमेरको जम्मा नरहरु र सबै उमेरका जम्मा नारिहरु दुबैतर्फ संम्पुर्ण गणनाबाट भन्दा १ प्रतिशत छनौटबाट आएको संख्या केहि बडि हुन गएको छ । नरहरु तर्फ २६६७ व्यक्ति बढी अर्थात् संपुर्ण गणनाले देखाएको संख्या भन्दा ०.६% प्रतिशत र नारिहरु तर्फ २३७ व्यक्ति अर्थात ०.००५ % प्रतिशत बढी भएको देखिन्छ ।

बिभिन्न उमेरको तहमा भने नरहरु तर्फ ७० बर्ष र सो भन्दा माथिको उमेरको तहमा संम्पुर्ण गणनाले देखाएको संख्या ७.४% प्रतिशत औ नारिहरु तर्फ १०.९% बढी छ । अरु उमेरको तहमा नरहरु तर्फ ५-९ वर्ष, १०-१४ वर्ष, २०-२४ वर्ष, २५-२९ वर्ष, ३५-३९ वर्ष, ४०-४४ वर्ष, र नारीहरु तर्फ ५-९ वर्ष, १०-१४ वर्ष, १५-१९ वर्ष, २०-२४ वर्षहरुको तहमा पनि १प्रतिशत छनौटले देखाएको संख्या संपुर्ण गणनाबाट आएको संख्या भन्दा बढी नै देखिएता पनि नगण्य मात्रामा मात्र बढी देखिन्छ । तर नरहरु तर्फ ३०-३४ वर्ष र ४५-४९ वर्षको तहमा क्रमशः ४.७% प्रतिशत र४.३% प्रत्शित र नारिहरु तर्फ ३५-३९ वर्ष र ४०-४४ वर्षको तहमा क्रमशः ३.९% प्रतिशत र ६.२% प्रतिशत बढि देखिई महत्वपुर्ण भिन्नता देखिन्छ ।

त्यस्तै ०,१,२,३,४ वर्षहरु र उमेर उमेरको नखुलेको तहमा नरहरु र नारिहरु दुबै तर्फ भने १ प्रतिशत छनौटले देखाएको संख्या भन्दा संम्पुर्ण गणनाले देखाएको संख्यानै बढि देखिन आउँछ । खासगरेर नरहरु तर्फ० वर्षमा ९.०% प्रतिशत बढि र उमेर नखुलेको तहमा १५.१% प्रतिशत र नारिहरु तर्फ चाहिं उमेर नखुलेको तहमा १५.९% प्रतिशत बढि भई हुन आएको भिन्नता महत्वपुण नै देखिन्छ ।

अन्त्यमा, ७० वर्ष र सो भन्दा माथिको उमेरको तहमा र उमेर नखुलेको तहमा पर्न आउने नर नारीहरुको संख्यामा र ० वषर्को नरहरुको संख्यामा संम्पुण गणना र १ प्रतिशत छनौटबाट देखिन आएको भिन्नता बाहेक अरु उमेरको तहमा पर्ने संख्या चाहिं दुबै किसिमको गणनाबाट करिब करिब उहिनै देखिन आउँदछ ।